# सायल गाउँपालिका
# गाउँपालिकाको कार्यालय
# दुदिलेगडा, डोटी

## गाउँ सभामा प्रस्तुत गरिएको
## आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम

**मितिः २०८३ असाढ ७ गते**

CS CamScanner

सभा सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित छु । आजको यस महत्वपूर्ण ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवम् सामाजिक परिवर्तन तथा समय सापेक्ष युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज तथा शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

अब म सायल गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ का लागि गाउँ कार्यपालिका बाट पारित भई गाउँसभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान २०७२ को धारा २२१ अनुसार स्थानीय तहको व्यवस्थापकीय अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएको गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयारीको ढाँचालाई अनुसरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमालाई आधार लिएको छ । दिगो विकास लक्ष्य हासिल गर्नमा अग्रसर हुँन, सायल गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु संग समेत समन्वय, साझेदारी तथा सहकार्य गरी अगाडी बढ्ने नीति अवलम्बन गर्दै यस बर्षको सायल गाउँपालिकाको क्षेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आदरणीय उपस्थित सभा सदस्यज्यूहरु**

**समृद्ध गाउँपालिका, सुखी गाउँवासी** भन्ने अवधारणा बमोजिम समृद्ध सायल गाउँपालिका निर्माण गर्ने हाम्रो लक्ष्यका साथ म आगामी आर्थिक वर्ष २०८३/८४ को श्रेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. आर्थिक क्षेत्र

### (क) कृषि तथा पशु क्षेत्र

१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

- खाद्यान्न, दलहन, तेलहन तथा नगदेबालीको उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने ।
- बाँझो जमिनको उपयोग गरी उत्पादनमुखी खेती विस्तार गरिने ।
- उच्च उत्पादनशील तथा उन्नत जातका बीउबिजनको प्रयोगलाई प्रोत्साहन गरिने ।
- स्थानीय स्तरमा बीउ उत्पादन तथा बीउ बैंक स्थापना कार्यक्रम सञ्चालन गरिने ।
- माटो परीक्षण तथा माटो सुधार कार्यक्रम सञ्चालन गरिने ।

CamScanner

- प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिने।

२. व्यावसायिक कृषि प्रवर्द्धन

- सम्भाव्यता भएका क्षेत्रमा व्यावसायिक तरकारी खेती विस्तार गरिने।
- फलफूल बगैंचा विकास कार्यक्रम सञ्चालन गरिने।
- मसला बाली, अदुवा, बेसार, लसुन तथा प्याज उत्पादनलाई प्रोत्साहन गरिने।
- मौरीपालन, च्याउ खेती तथा अन्य उच्च मूल्यका कृषि उद्यमलाई प्रवर्द्धन गरिने।
- कृषि उत्पादनलाई व्यवसायीकरण गरी आयआर्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने।

३. कृषि यान्त्रिकीकरण तथा आधुनिकीकरण

- कृषिमा आधुनिक उपकरण तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने।
- कृषि औजार खरिदमा अनुदान कार्यक्रम सञ्चालन गरिने।

४. सिँचाइ तथा पूर्वाधार विकास

- साना तथा मझौला सिँचाइ आयोजना निर्माण तथा विस्तार गरिने।
- कृषि सडक तथा उत्पादन ढुवानी पूर्वाधार सुधार गरिने।
- कृषि उपज संकलन केन्द्र तथा भण्डारण गृह निर्माण गरिने।

५. कृषि बजार तथा मूल्य शृंखला विकास

- कृषकलाई बजारसँग प्रत्यक्ष जोड्ने कार्यक्रम सञ्चालन गरिने।
- कृषि उपजको संकलन, ग्रेडिङ, प्याकेजिङ तथा ब्रान्डिङलाई प्रोत्साहन गरिने।
- कृषि हाटबजार तथा प्रदर्शनी कार्यक्रम सञ्चालन गरिने।
- कृषि उपजको उचित मूल्य सुनिश्चित गर्न पहल गरिने।
- सहकारी तथा निजी क्षेत्रसँग साझेदारीमा बजारीकरण प्रणाली विकास गरिने।

६. युवा तथा महिला लक्षित कृषि कार्यक्रम

- कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने।
- कृषि उद्यम स्थापना गर्न युवा कृषकलाई प्रोत्साहन गरिने।

CamScanner

- महिला, दलित कृषकहरुलाई सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिने।
- स्वरोजगार तथा आयमूलक कृषि उद्यम विकास गरिने।

७. कृषि सहकारी तथा समूह सुदृढीकरण

- कृषक समूह तथा सहकारी संस्थाको क्षमता विकास गरिने।
- सहकारीमार्फत कृषि उत्पादन तथा बजारीकरणलाई प्रवर्द्धन गरिने।
- सामूहिक खेती तथा सामूहिक बजारीकरणलाई प्रोत्साहन गरिने।

८. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- जलवायु परिवर्तन अनुकूल कृषि प्रविधिको विस्तार गरिने।
- खडेरी, बाढी, पहिरो तथा अन्य विपद्‌को जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने।
- कृषि बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने।
- रोग तथा कीरा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने।

९. अनुसन्धान, नवप्रवर्तन तथा क्षमता विकास

- कृषक, प्राविधिक तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिने।
- कृषि अनुसन्धान तथा परीक्षण कार्यक्रम सञ्चालन गरिने।
- उत्कृष्ट कृषक तथा कृषि उद्यमीलाई सम्मान तथा प्रोत्साहन गरिने।
- नयाँ कृषि प्रविधि तथा अभ्यासको प्रदर्शन कार्यक्रम सञ्चालन गरिने।

१०. संस्थागत सुदृढीकरण तथा सुशासन

- कृषि विकास शाखाको सेवा प्रवाहलाई प्रभावकारी बनाइने।
- कृषि तथ्यांक तथा सूचना व्यवस्थापन प्रणाली सुदृढ गरिने।
- योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनमा पारदर्शिता कायम गरिने।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइने।
- कोल्ड स्टोरलाई प्रभावकारी रुपमा कार्यान्वयन तथा व्यवस्थापनका लागी आवश्यक पहल गरिनेछ।

CamScanner

- किसान सूचीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक कार्य गरिनेछ ।
- एक घर एक करेसावारीको नीति निरन्तरता दिइनेछ ।
- महिला कृषक तथा उद्यमीहरुलाई कृषि उपज उत्पादन तथा बजारीकरणका लागि अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

## (ख) पशु सेवा क्षेत्र

१. पशुपालनलाई व्यवसायिक, आधुनिक र दिगो बनाउने ।
२. स्थानीय जात संरक्षण र उन्नत जात प्रवर्द्धन गर्ने ।
३. पशु स्वास्थ्य सेवा सहज, सुलभ र गुणस्तरीय बनाउने ।
४. रोजगार सिर्जना र आय वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिने ।
५. पशु विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै कृषकहरुको क्षति न्यूनिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
६. कृतिम गर्भाधान (AI) को माध्यमद्वारा नश्ल सुधार गर्ने र पशुजन्य उत्पाद्कत्व अभिवृद्धि गर्दै पशु जन्य उत्पादनमा सायल गाउँपालिकालाई अत्मनिर्भर बनाउने नीति अवलम्वन गरिनेछ ।

## (ग) उद्योग तथा वाणिज्य

१. गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म दर्ता र नविकरण कार्यलाई व्यवस्थित गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।
२. स्थानीय स्तरमा संचालनमा रहेका साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
३. सीपमूलक तालिम संचालन गरी सीप अनुसारको रोजगार व्यवस्थापन गर्ने नीति ल्याईनेछ।
४. अल्लो, रामबास/हात्तिवाड, बडु, बाँस, निङ्गालो जस्ता बस्तुहरुको उचितप्रयोग गरी स्थानीय स्तरमा साना लघु उद्योगको स्थापना कार्यमा जोड दिइ बजारीकरणलाई व्यवस्थित गरिने छ ।

## (घ) धर्म संस्कृति र पर्यटन

१. **"हाम्रो संस्कृति, हाम्रो पहिचान"**भन्ने नाराका साथ स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेला, महोत्सवलाई प्रोत्साहन र व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

CamScanner

२. मालिका, भेलछडा, धनेछडा, अश्वाला, चौरिषि लेक, गोले देउला,माष्टमाणु जस्ता ऐतिहासिक एवम् धार्मिक क्षेत्रलाई पर्यटकीय स्थलका रुपमा विकास गर्ने गरि गुरु योजना निर्माण गरिनेछ ।

३. सायल गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकिय धार्मिक स्थल, पर्व, संस्कृति, लोकभाका, भुवा पर्व संरक्षण हुने किसिमको वृतचित्र तयार पारि विभिन्न माध्यमवाट प्रसार प्रचार गरिने छ ।

**(ङ) सहकारी, वित्तिय क्षेत्र**

१. सहकारी संस्थालाई वेभ पोर्टल (COPOMIS) मा आवद्द गर्ने कार्य अघि बढाइनेछ।

२. स्थापना भई संचालनमा रहेका सहकारीहरुलाई आवश्यक अनुगमन नियमन तथा मूल्याङ्कन गर्न छुट्टै शाखा र सम्पर्क व्यक्ति तोकिनेछ ।

३. वित्तीय साक्षरता शिक्षामा सबैको पहुँच पुर्याइने नीतिलाई निर्न्तरता दिईने छ ।

४. सामाजिक सुरक्षा भत्तालाई सर्वशुलभ रुपमा बितरण लाई वडा स्तरमै संचालन गर्ने बैङ्क तथा वित्तीय संस्थाहरुसंग आवश्यक पहल गरिनेछ ।

## २. सामाजिक विकास

(क) **शिक्षा तथा खेलकुद**

१. गाँउपालिकाको शिक्षा सुधार तथा गुणस्तरीय शिक्षा प्रत्याभूतिका लागि स्थानीय विज्ञ तथा शिक्षा सरोकारहरुको एक समिति गठन गरी पालिका शिक्षा सुधार योजना बनाईनेछ ।

२. प्र.अ व्यवस्थापन शिक्षामा उपल्बधि क्रम भएका विषयमा व्यवस्थापन बालबिकास सहजकर्ताका लागि क्षमता अभिवृदि तालिमलाई निरन्तर दिईनेछ ।

३. स्थानीय पाठ्यक्रमलाई पुर्ण रुपमा लागु गरिने छ साथै कम्तिमा कक्षा १ देखि ८ को पाठ्यपुस्तक तयार गरी लागु गरिनेछ ।

४. शैक्षिक क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी सघ सस्थाका कार्यहरु थप प्रभावकारी बनाउन सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी एकिकृत नतिजा विष्लेष्ण गर्ने प्रविधिको विकास गर्ने ।

५. व्यवसायिक तथा प्राविधिक शिक्षामा विद्यार्थी भर्ना र पहुच बडाउन विद्यालय सँग आवश्यक समन्वय गरीनेछ ।

६. पालिका स्तरीयकक्षा आठ को परीक्षा प्रणालीलाई थप बस्तुनिष्ट बनाउन कार्यविधि संसोधन गरीनेछ ।

७. शिक्षकको पेशागत विकासका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

CamScanner

८. विद्यालयमा वाल कल्व विद्यालय गुनासो सुनुवाई समितिलाई सक्रियता बनाउन कार्यविधि बनाई लागु गरीनेछ ।

९. आधारभूत शिक्षाको अवसर बाट वन्चित बालबिकासको तथ्याङ्क तयार विद्यालयमा सहभागि गराउन आवश्यक कार्यक्रम ल्याईनेछ ।

१०. विद्यालय दिवा खाजा बालबालिकाको स्वास्थ्य तथा शुक्ष्म पौष्टिक तत्वलाई ध्यानमा राखी पालिका स्तरीय खाजा मेनु बनाइ लागु निरन्तरता दिइनेछ ।

११. विद्यालय दिवाखाजालाई व्यवस्थित गराउन खुला बोलपत्रको माध्यमबाट आपूर्ति गरिने नीति अवलम्वन गरिनेछ ।

१२. विद्यालय खेलकुद कार्यक्रमलाई जोड दिइनुका साथै राष्टपति रनिङ शिल्ड प्रतियोगिता लाई थप व्यवस्थापन गरिनेछ ।

१३. टुहुरा,गरिब ,सिमान्तकृत ,दलित लगायतका बालबालिकाको पहिचान तथा लगत राखि विषेश थप व्यवस्था गरिनेछ ।

१४. गाउँपालिका भित्र कक्षा ८, SEE र कक्षा १२ को परिक्षामा उच्च GPA प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कृत गरिनेछ ।

१५. आर्थिक अवस्था कमजोर भएका प्राविधिक तर्फको उच्च शिक्षा हासिल गर्न चाहने गरिब तथा जेहेन्दार २ जना बालबालिकालाई पठन पाठनमा सहयोग गरिनेछ ।

१६. गाँउपालिकाद्वारा लागु गरिने शैक्षिक नीति तथा कार्यक्रममा संस्थागत विद्यालयहरुलाई पनि समानरुपमा हुने नीति लागु गरीनेछ ।

१७. विद्यालयहरुमा मनाईने शिक्षासंग सम्बन्धित दिवसहरुमा स्थनीय कला, संस्कृति संरक्षण हुने खालका क्रियाकलाप गर्न विद्यालयहरुलाई प्रोत्साहन गर्ने कार्य लाई निरन्तरता दिईने छ ।

१८. विद्यालय नक्सानङ्कन गरी विद्यालयको अभिलेख राखिने व्यवस्था मिलाइनेछ ।

१९. सबै विद्यालयमा ई -हाजिर (कक्षा १देखि ५ ) सम्मका विद्यालयमा लागु गरिनेछ ।

२०. गाउँपालिका अनुदानमा कार्यरत बालविकास सहजकर्ताको मनोवल वृद्धि गर्ने नीति अवलम्बन गर्दै कार्यक्रमहरु संचालन गरिनेछ ।

२१. स्थानीय उत्पादनमा आधारित दिवा खाजा प्रोत्साहन कृषक समुह र विद्यालय बिच समन्वय गरिनेछ ।

२२. १-५ को निरन्तर मूल्याङ्कन अभिलेखलाई कडाईका साथ विद्यालयमा जोडीन्छ ।

२३. खेलकुदको विकासका लागि आवश्यक कार्यहरु गरिनेछ ।

२४. शिक्षक कल्याणकारी कोषलाई थप व्यवस्थित गर्न कार्यविधि बनाई लागु गरीनेछ ।

२५. छोरी बुहारीलाई शिक्षा सबैको इच्छा भन्ने नारा सहित विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालय भर्ना गराउने नीति अवलम्वन गरिनेछ ।

CamScanner

२६. विद्यालयको सुरक्षित, समावेशी, बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माणका लागि आवश्यकता आधारित **विद्यालय भौतिक पूर्वाधार विकास योजना** तयार गरी कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला तथा खेलकुद पूर्वाधारको क्रमिक विकास गरिदै लगिनेछ।

२७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को पूर्ण कार्यान्वयनका लागि २०८४ चैत्र मसान्तभित्र गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याइनेछ। विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान, भर्ना, पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गरिनेछ।

२८. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रयाप्त सेनिटरी प्याडको व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

२९. गाउँपालिकामा संचालित सामुदायिक सिकाइ केन्द्र(CLC) लाई थप प्रभावकारी बनाइने किसिमका कार्यक्रम संचालन गरिनेछ।

**(ख) स्वस्थ्य**

१. भौगोलिक दुरि टाढा भएका वस्तिहरुमा घरमा हुने सुत्केरी सङ्ख्या घटाउन शुन्य होम डेलिभरी बनाउन दुर्गम बस्ति भएका समुदाय तथा प्रत्येक वडामा बर्थिङ्ग सेन्टर सञ्चालन गरिनेछ।

२. स्वास्थ्य क्षेत्रमा सरकारी, निजि तथा गैरसरकारी क्षेत्र बिचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा नीजि आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहान एवम् संरक्षण गरिनेछ।

३. महिला स्वास्थ्य स्वयम् सेविकालाई कामको आधारमा प्रोत्साहान गर्ने सरसफाई सामग्री, प्राथमिक उपचार सामग्री वितरण गरि प्रत्येक आमा समुह गुणस्तरिय बनाईने छ। साथै महिला स्वास्थ्य स्वयम् सेविका नभएको टोल बस्तिमा महिला स्वास्थ्य स्वयम् सेविका राख्ने नीति अवलम्बन गरिनेछ।

४. तोकिएको स्वास्थ्य संस्थाबाट गुणस्तरिय स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच पुग्ने गरि निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ।

५. डौड स्वास्थ्य चौकीको १० शैया अस्पतालको भवन निर्माण कार्य अघी बढाउन आवश्यक पहल गरिने छ।

६. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरिय बनाउन जनसंख्या , भुगोल र स्थानीय संरचना अनुरुप दक्ष स्वास्थ्य जनसक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ।

CamScanner

७. जलवायु परिवर्तन , महामारी नियन्त्रण तथा अन्य सरुवा रोग नियन्त्रणका लागि प्रतिकार्य टिम गठन गरि समाधानको उपाय अपनाइने छ।

८. सायल गाउँपालिकामा आखाँ उपचार केन्द्र सेवालाई निरन्तरता दिदै त्यसको विकास तथा विस्तार गरिने छ।

९. पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरिय एवम् स्वास्थ्य वर्धक, खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पँहुचलाई विस्तार गरिने छ।

१०. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरिय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य सुचना प्रणालीको विकास गरिने छ। स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीको उपचार सम्बन्धि जानकारी पाउने हकको प्रत्याभूति गरिने छ।

११. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठानात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिने छ।

१२. सुरक्षित मातृत्त्व, बाल स्वास्थ्य , किसोर किसोरी तथा प्रजनन् स्वास्थ्य प्रौढ तथा जेष्ठ नागरिक लगाएतका सेवाको विकास तथा विस्तार गरिने छ।

१३ .संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि स्वास्थ्य सेवा विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण लगायतका वातावरणीय प्रदुषणका साथै खाद्यान्न प्रदुषलाई वैज्ञानीक ढङ्गले नियमन तथा नियन्त्रण गरिने छ।

१४. गाउँपालिका स्तरमा गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा पुर्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने नीतिलाई निरन्तरता दिईने छ। गाउँपालिकाको एम्बुलेन्स उपलब्ध नभएको अवस्थामा गर्भवति आमाहरुलाई स्वास्थ्य संस्थाहरुमा पठाउनको निमित्त वैकल्पिक साधनको व्यवस्था गरिने छ।

१५. स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य एकाईमा आवस्यक पर्ने औषधि आपूर्ति गरिने छ।

१६. प्रत्येक वडामा DOTS सेवा केन्द्र सञ्चालन गरिने छ।

१७. प्रत्येक वडामा सुरक्षित गर्भपतन सेवालाई विस्तार गरिने छ।

१८. सायल गाउँपालिका अन्तर्गत बर्थिङ सेन्टर नभएको स्वास्थ्य संस्थाहरुमा ब्रथिङ सेन्टर स्थापना गर्ने र भवन नभएका स्वास्थ्य संस्थामा भवन निर्माणका लागि पहल गरिने छ र आवश्यक जनशक्तिको व्यवस्था गरिने छ।

१९. सबै स्वास्थ्य संस्थामा Edigitalization सेवा विस्तार गरिने छ।

२०. एकिकृत स्वास्थ्य घुम्ति शिविर संचालन गरिने छ।

२१. सुत्केरी संग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरिने छ।

CamScanner

२२. डौड स्वास्थ्य चौकीमा विशेषज्ञ चिकित्सक सेवालाई निरन्तरता दिइने छ।

२३. गर्भवतिको नियमित तथा सुत्केरी चेकजाँचका लागी भिडियो एक्सरे विस्तरका लागि पहल गरिने छ।

२४. आवश्यकताका आधारमा विभिन्न प्रकृतिका स्वास्थ्य सम्बन्धि शिविरहरु संचालन गरिनेछ।

२५. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष जोड दिईने छ।

२६. HIV संक्रमितहरुलाई औषधी वितरण गर्न ART केन्द्र स्थापना गरि व्यवस्थित गरिने छ।

२७. फिजियोथेपारी संचालनका लागि आवश्यक पहल गरिनेछ।

२८. पोषण अवस्थामा सुधार ल्याउनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

२९. सुनौला हजार दिनका आमाहरुलाई गाउँपाला स्तरीय पोषण कोशेली कार्यक्रम संचालन गरिनेछ।

३०. गाउँपालिकामा सुनौला हजार दिनका महिलाहरुलाई स्वच्छ तथा पोषण युक्त खानेकुराको उपलब्धता सुनिश्चितता गर्ने एक घर एक करेसावारी नीति बमोजिम कृषि रैथाने बाली प्रवर्द्धनमा जोड दिइनेछ।

३१. सबै महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्राथमिक उपचार सामग्री वितरण गरिने छ।

३२. नवदम्पत्तीहरुका लागि र सुनौला १००० दिनका आमाहरुदलाई बाल विवाह, पोषण, परिवार नियोजन तथा स्वास्थ्य जीवन शैली सम्बन्धि कचहरी कार्यक्रम संचालन गरिनेछ।

३३. महिलाको पाठेघरको क्यान्सर पहिचान गरि समस्या देखिएका महिलाको अपरेसन व्यवस्थापन कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

३४. प्रत्येक नागरिकको स्वास्थ्य विमा गरि विमा संग जोडिने छ।

३५. स्थानीय स्वास्थ्य नीति निर्माण गरि स्वास्थ्य सेवाको व्यवस्थापनलाई थप प्रभावकारी गरिनेछ।

**(ग) आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्र**

१. यस सायल गाउँपालिकामा रहेको एक मात्र औषधालय ( तोलेनी आयुर्वेद औषधालय ) को नाममा रहेको आफ्नै जग्गा ६ रोपनी ५ आना ३ पैसा २ दाम ( ६-५-३-२ ) भएको जग्गामा यसै आ.व.२०८३/०८४ मा तोलेनी आयुर्वेद औषधालयको आफ्नै भवन निर्माणका लागि संघ सरकार र प्रदेश सरकार संग पहल गरिने छ।

CS CamScanner

२. सायल गाउँपालिका का जेष्ठ नागरिकको लागि रोग प्रतिरोधात्मक क्षमता बढाउन बिभिन्न किसिमका जडिबुटी जन्य खाद्य पदार्थ तथा आयुर्वेदिक औषधिहरु वितरण गरिनेछ।

३. पंचकर्म तथा पुर्वकर्म को माध्यम आयुर्वेदिक थेरापी वाट बिभिन्न किसिमका रोगहरु पहिचान गरी सेवा उपलब्ध गराइनेछ।

४. आयुर्वेद गाउँघर क्लिनिक संचालनको निरन्तरता दिदै प्रत्येक वडामा नागरिक आरोग्य केन्द्र स्थापना र संचालन तथा अभियान संचालन गर्न यसै वर्ष देखि विशेष पहल गरिनेछ।

५. आयुर्वेद चिकित्साको महत्त्व तथा उपदियता बढाउन नवप्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

६. आधारभूत र माध्यमिक स्तरका विधालयहरुमा स्वस्थवृत ,दिनचर्या ,ऋतुचर्या, आहारबिहार र स्वस्थ जीवनशैली सम्वन्धी सचेतना साथै विधालय आयुर्वेद तथा योग शिक्षा सम्बन्धि कार्यक्रमहरुलाई थप प्रभाबकारी बनाउदै लगिनेछ।

## (घ) पेषण क्षेत्र

१. यस सायल गाउँपालिकाको पोषण सुधार गर्न बहुक्षेत्रीय पोषण योजना लक्षित पोषण संवेदनशिल र पोषण विशेष सेवाहरुको पहुचको सुनिश्चितता र स्वास्थ्य खानेपानी स्वच्छतता महिला तथा बालबालिकाको पोषण सुधार सम्बन्धि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरु सञ्चालन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजित गरि प्रभावकारी रुपमा कार्यानवयन गरिने छ।

२. सुनौला हजार दिनका महिलाहरु तथा पोषण अभाव भएका सुत्केरी आमा तथा बालबालिकाहरुका लागि पोषण कोषेली वितरण कार्यक्रम संचालन गरिनेछ।

## (ग) खानेपानी, सरसफाई तथा स्वच्छता (वास)

१. जनतालाई सुरक्षित खानेपानी सुविधा उपलब्ध गराउन गाउँपालिका स्तरमा खानेपानी, सरसफाई स्वच्छता इकाई व्यवस्थापन बोर्ड स्थापना गरि सो वास युनिट मार्फत नयाँ खानेपानी योजना निर्माण तथा विद्यामान योजनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईनेछ।

२. वास (WASH) कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

३. **"एक घर एक धाराको"** नीतिलाई निरन्तरता दिईनेछ।

४. खानेपानी संरक्षणका लागि मुहान संरक्षण कार्य, मुहान पुनर्भरण गर्न सघाउ पुर्याउने पुनर्भरण पोखरी वा खाल्डा निर्माण गरिनेछ।

## (घ) महिला, बालवालिका, तथा जेष्ठ नागरिक

CamScanner

१. **"बिहेवारी, विस वर्ष पारी"** नारा सहित गाउँपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य राखि कार्यक्रमहरु आगाडि बढाईनेछ।

२. विपन्न महिलाहरु तथा दलितको आर्थिक सशक्तीकरण तथा जीवनस्तरमा सुधार ल्याउन महिला सशक्तिकरणका लागि कृषि तथा उद्यमशितला सम्बन्धि कार्यक्रमलाई विशेष जोड दिइनेछ।

३. बालबालिकाको विकासका लागि वालमैत्री अभियान संचालन मार्फत वालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सूचकहरु पुरा गर्न आवश्यक सबै पहल गरि यसै आर्थिक बर्ष भित्र कम्तिमा एक वडा लाई बालमैत्री वडा घोषणा गरिनेछ।

४. महिला हिंसा, बालविवाह र घरेलु हिंसा अन्त्य गर्न वडा स्तरमै "सुरक्षित घर, सुरक्षित समाज" अभियान सञ्चालन गरिनेछ।

५. ज्येष्ठ नागरिकहरूको सम्मानका लागि "आमाबुबा हाम्रो शान, जेष्ठ नागरिकको गरौ सम्मान" नारा सहितको कार्यक्रम अन्तर्गत घरमै स्वास्थ्य सेवा, भेटघाट र सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ।

६. हिंसा पिडितहरुलाई तत्कालिन आधारभूत आवश्यकता पुरा गर्न लैंगिक हिंसा निवारण कोषमा बजेट विनियोजन गरि थप सशक्त र प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिईनेछ।

७. जोखिममा रहेका बालबालिकाहरुको संरक्षण तथा प्रवर्द्धनका लागि बाल संरक्षण कोषलाई निरन्तरता दिइनेछ।

८. बालबालिकाको सुरक्षित भविष्य सुनिश्चित गर्न बाल बचत खाता संचालन गर्नका लागि बैंक तथा वित्तिय संस्थाहरु संग समन्वय तथा सहकार्य गरिनेछ।

९. बालक्लबहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।

१०. बाल श्रम शोषणको अन्त्यका लागि आवश्यक पहलहरु गरिनेछ।

११. बालबालिकाहरुका लागि बाल हिंसा निरुत्साहन, लागु औषध दुरुपयोग, आत्महत्या दुरुत्साहन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

१२. पुर्ण सरसफाई युक्त सायल गाउँपालिका निर्माण गर्ने अभियानहरुलाई प्राथमिकता दिइनेछ।

१३. विद्यालयमा लैङ्गिक समानता, बालअधिकार, बालसुरक्षा, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई संस्थागत गरिनेछ।

### (ङ) सामाजिक सुरक्षा

१. दलित, जनजाति, अल्पसंख्यक पिछडिएको समुदायलाई लक्षित गरि विभिन्न जनचेतना मूलक, रोजगार मूलक कार्यक्रमहरु संचानल गरिनेछ।

CamScanner

२. स्थानीय कला, संस्कृति तथा लोक बाजाहरुको संरक्षण कार्यलाई निरन्तरना दिईनेछ।

३. दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गरिनेछ।

४. अपाङ्गता भएका व्यक्ति, असाहय भएका व्यक्तिको सामाजिक तथा आर्थिक जिवनको सुरक्षाको सुनिश्चतता गरिनेछ ।

५. मुक्त हलिया परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिंदै मुक्त हलियाहरुको उचित व्यवस्थापनका लागि पहल गरिनेछ ।

६. विदुरहरुलाई जिवन निर्वाहमा सहजिकरण गर्नका लागि आवश्यक कार्यविधि तयार गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**(च) स्थानीय रोजगार सेवा**

१. न्युनतम रोजगारको प्रत्याभुती हुनेगरी राष्टिय रोजगार प्रर्वद्धन कार्यक्रम अझ प्रभावकारी रुपमा अघी बढाउन सामुदायिक आयोजनाहरुमा पालिकाको लागत साझेदारी गरीनेछ,वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन गरी भौतिक पुर्वाधारको विकास गरीनेछ ।

२. स्थानीयस्तरमा रोजगारीको सिर्जना तथा प्रवर्द्धदनका लागी सार्वजनिक निर्माणका कार्यहरु सम्भव भए सम्म श्रममुलक प्रविधीको प्रयोग गर्ने नीति लिईनेछ ।

३. नविनतम युवा लक्षित व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ,जसमा नविनतम व्यवसाय गर्ने युवाहरुलाइ कार्यविधी बनाई नवप्रवर्द्धनकारी व्यवसायका प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम ल्याइनेछ ।

४. कामको अनुभवबाट प्राप्त सीप भएका व्यक्तीहरुलाई पूर्व सिकाइको मान्यता विधी ( Recognitions of Prior Learning ) मार्फत सि.टी.ई.भि.टी बाट प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरीनेछ ।

५. सायल गाउँपालिका भरि संचालनमा रहेका, अब संचालनमा आउने सबै उद्यमशिल तथा रोजगार संग सम्बन्धित कार्यक्रमलाई एकिकृत तथा एकद्धार प्रणाली बाट संचालन गरीनेछ साथै दक्ष तथा सक्षम जनशक्ती विकासका लागी सीपमुलुक तालिम पहिचान गरी बेरोजगार ब्यक्तिलाइ तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

६. वैदेशिक रोजगारबाट फर्केका व्यक्तीहरुले प्राप्त गरेका ज्ञान सीप समेटिएको व्यवस्थित वडागत तथ्याङ्क अभिलेखिकरण गरीनेछ ।

७. श्रम स्वीकृत तथा पुनः स्वीकृतका आवेदनलाई सरल,शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरिनुका साथै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाइनेछ ।

CamScanner

८. आप्रवासी कामदार तथा तिनिहरुका परीवारको अधिकारको सुनिश्चित गर्न प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा संघिय सरकारसंगको समन्वयमा तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परीवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तिय साक्षरता र सीप अभिवृद्धि गर्न आवश्यक छ।

९. स्थानाय सरकारले संघ तथा प्रदेश सरकार संगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आय र रोजगारका अवसरहरु सिर्जना गर्न कार्यक्रमहरु ल्याइनेछ। उक्त अवसरहरुमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरुको पहुच सुनिश्चित गर्ने बन्दोबस्त मिलाइनेछ। जसका लागी प्रदेश सरकारले उद्यमशिलता विकास कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारका परीवारलाई उद्यम स्थापना गर्न सहुलित ऋण, प्राविधिक सहयोग लगायतका सेवाहरुलाई निरन्तरता दिनुका साथै सम्बन्धित कार्यक्रम तथा निकाय संग समन्वयात्मक तवरबाट कार्य गरीनेछ।

१०. श्रम र रोजगारको क्षेत्रको समुचित व्यवस्थापनको लागी सुरक्षित आप्रवासन कार्यविधी तर्जुमा गरी प्रभावकारी कार्यन्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यन्वयनमा ल्याइनेछ।

११. स्वरोजगार, आन्तरीक रोजगार साथै वैदेशिक रोजगार संग सम्बन्धित व्यवस्थित गर्न यस सायल गाउँपालिकामा संगठन संरचनामा रोजगार सेवा केन्द्र तथा श्रम रोजगार तथा उद्यम शाखा विस्तार गरी आवश्यक सेवालाई प्रवाह गर्न तपशिल बमोजिम कार्ययोजना तथा बजेट बिनियोजन गरीनेछ।

१२. श्रमको लागि छिमेकी देश भारतमा गएका गाउँपालिकाका नागरिकको हकमा दुःख पिडामा रहेका नगरिकहरुको हकमा खोज, उद्दार र कानुनी सहायता उपलब्ध गराउने सम्बन्धी नीति अवलम्बन गरिने छ।

## ३.पूर्वाधार विकास

१. सायल गाउँपालिकाको आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुको कार्यान्वयनमा जोड दिइनेछ।

२. टुक्रे तथा वितरणमुखी आयोजनाहरुमा कमी ल्याई वढी प्रतिफल दिने एवम दिगो उत्पादन हुने आयोजनाहरुमा जोड दिइनेछ।

३. उपभोक्तहरुको हकहित एवम सुविधाका लागि उपभोक्ता समितिद्वारा कार्यान्वयन हुने आयोजनाहरुको कार्यान्वयनका लागि सम्बन्धित वडामा गई प्रशिक्षण गरी सोही वडामै सम्झौता गर्ने प्रवन्ध मिलाईने छ।

४. आयोजना निर्माण पश्चात उक्त आयोजनाको रेखदेख, संरक्षण एवम् दिगोपनाका लागि बढी भन्दा बढी जनसहभागीता गराई ति आयोजनाहरुको सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने प्रबन्ध मिलाईनेछ।

CS CamScanner

५. कार्यसम्पादनमा प्रभाकारीताका लागि अनुगमन समितिका पदाधिकारी एवम् कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तालिमहरुको व्यवस्था मिलाईने छ।

६.आयोजनाहरुको गुणस्तर एवम् प्रभावकारी कार्यान्वयनको लागि नतीजामुखी अनुगमन प्रणालिमा जोड दिइनेछ।

७. टोल विकास संस्था मार्फत आयोजनाहरु कार्यान्वय गर्ने कार्यलाई लागु गर्न आवश्यक संरचनाहरु निर्माण तथा व्यवस्थापन गरिनेछ।

८. अधुरा र रणनीतिक रुपमा महत्वपूर्ण मानिएका कार्यक्रम/आयोजना सम्पन्न गरिनेछ। हालसम्म सम्पन्न भएका कार्यक्रम/आयोजनालाई फिनिसिङ गर्ने सोको र प्रचार प्रसार गर्ने कार्य गरिनेछ।

९. सायल गाउँपालिकालाई आ.व. २०८३।०८४ भित्र पूर्ण विद्युतिकरण युक्त गाउँपालिका घोषणा गरिनेछ।

## ४. वातावरण तथा विपद व्यवस्थापन

१. विकास निर्माणका सबै योजनामा विपद् जोखिम मूल्याङ्कन अनिवार्य गरिनेछ।

२. प्रत्येक वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति सक्रिय बनाइनेछ।

३. विपद् व्यवस्थापन कोषलाई सुदृढ तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

४. विपद् पूर्वसूचना प्रणाली स्थापना तथा विस्तार गरिनेछ।

५. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई विशेष प्राथमिकता दिइनेछ।

६. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक संरचनालाई विपद् सुरक्षित बनाइनेछ।

७. जलवायु अनुकूल पूर्वाधार तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

८. सामुदायिक वन, उपभोक्ता समिति, युवा क्लब तथा स्वयंसेवी संस्थाहरूलाई विपद् व्यवस्थापनमा परिचालन गरिनेछ।

९. विपद् व्यवस्थापनलाई स्थानीय पाठ्यक्रम, जनचेतना तथा विकास कार्यक्रमसँग एकीकृत गरिनेछ।

१०. संघ, प्रदेश, सुरक्षा निकाय तथा विकास साझेदार संस्थासँग सहकार्य विस्तार गरिनेछ।

११. सामुदायिक वन, निजी वन, कबुलियत वनहरुलाई करको दायरामा ल्याईनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

१. मुस्कान सहितको सेवा प्रवाह सुनिश्चित गर्नका लागि कर्मचारीहरुलाई उत्प्रेरणा गर्ने, कर्मचारीहरको मनोबल उच्च राख्ने नीति अवलम्बन गरिनेछ।

CS CamScanner

२. गुनासो सुनुवाई संयन्त्रलाई उचित व्यवस्थापनका लागि प्रभावकारी संयन्त्र निर्माण तथा व्यवस्थापन गरिनेछ ।

३. कार्यालयका पदाधिकारी कर्मचारीहरुको सूचना प्रविधि क्षमता विकासको कार्यक्रमको आयोजना गराइनेछ ।

४. **"गाउँवासीलाई टेवा घर दैलोमै सेवा"** अन्तर्गत वडाहरुमा एकिकृत घुम्ति शिविर संचालन गरिनेछ ।

५. इन्टरनेट जडान गर्न बाँकी शाखाहरुमा जडान कार्य गरिनेछ ।

६. गाउँपालिकामा रहेको कुल अद्यावधिक बेरुजुलाई घटाउने लक्ष्य पुरा गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. Digital Profile for Rural Municipality निर्माण गरिनेछ ।

८. E-Attendance( ई-हाजीरी) गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरुमा विस्तार गरिनेछ ।

९. गाउँपालिकाको कार्यालय र सबै ६ वटा वडा कार्यालयहरुमा उच्च गतिको इन्टरनेट र भरपर्दो नेटवर्किङ पूर्वाधार विस्तार गरिनेछ ।

१०. ई-हाजीरी व्यवस्थापनको लागि तालिम सञ्चालन गरिनेछ ।

११. गाउँपालिकामा वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्न र महालेखा परीक्षकको प्रतिवेदन अनुसार देखिएका बेरुजुहरुलाई समयमै फर्स्योट गरी वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षलाई "बेरुजु फर्स्योट तथा वित्तीय सुशासन सुदृढीकरण वर्ष" का रुपमा कार्यान्वयन गरिनेछ ।

१२. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाइनेछ र उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

१३. सरोकारवालाहरुलाई सुसुचित तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाईनेछ । यसका लागि सार्वजनिक उत्तरदायित्वका औजारहरु (सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, जेसी अडिट) गर्ने लगाएतका कार्यहरुलाई निरन्तरता दिइनेछ ।

१४. संविधान र कानूनबमोजिम गाउँसभा (विधायिकी र कार्यपालिका अन्तर्गत रहने समितिहरुलाई कृयाशिल बनाई समितिगत प्रणालीलाई संस्थागत गरिनेछ। यसका लागि समितिहरुका कार्यविधि जारी गर्ने, सभा र कार्यपालिका सञ्चालन विधिलाई कानून समत गराउने र गाउँ सभा स्थापना तथा सञ्चालन कार्यविधि पारित गरी गाउँ सभाको बेग्लै सचिवालय सञ्चालनमा ल्याइनेछ ।

## विविध

१. न्यायिक समितिको सचिवालयलाई थप व्यवस्थित गरिनेछ ।

CS CamScanner

२. न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई सक्रिय रुपमा परिचालन गर्न आधारभूत तालिम प्रदान गरी प्रमाणपत्र प्राप्त गरेका मेलमिलाप कर्ताहरुलाई गाउँपालिकामा सूचिकरण गर्ने व्यवस्था मिलाईनेछ।

३. राजस्व सुधार कार्ययोजनको सुझाव सल्लाहलाई निरन्तर कार्यान्वयन गर्दै लगिनेछ।

४. जिल्लास्तरमा अन्य पालिकाहरुसँग समन्वय गरी सम्पन्न हुने आयोजना तथा कार्यक्रमहरुलाई विशेष जोड दिईनेछ।

५. MTEF कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि बजेट सुनिश्चिचतता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजनहरु निर्माण गरिनेछ।

६. आगामी आ.व. लाई गाउँपालिकाले गरेका असल र अनुकरणीय अभ्यासहरूको सङ्कलन, प्रकाशन र प्रचार प्रसार गर्ने कार्यलाई प्राथमिकता दिई असल अभ्यास र सिकाइ आदानप्रदान वर्षको रुपमा आ.व. २०८३।०८४ भरी आवश्यक गतिविधिहरू सञ्चालन गरिनेछ।

अन्त्यमा, सायल गाउँपालिकाको विकासमा साझेदारी, समन्वय, सहयोग गर्ने नेपाल सरकार, सुदूरपश्चिम सरकार , गाउँसभा सदस्यूज्यूहरु, कर्मचारी, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, नीजि क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मी लगायत देश विदेशमा रहेका सम्पूर्ण सायल वासी प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको साथ र सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु।

हार्दिक धन्यवाद।

धर्म राज जोशी
अध्यक्ष

CamScanner